# आर्थिक सहयोग योग्यता नीति

**यो नीति निम्नलिखित स्पेक्ट्रम हेल्थका सेवा-सुविधा स्थलहरूमा लागू हुन्छ:**
बिग र्‍यापिड्स, कन्टिन्युइङ केयर, कर्पोरेट, गर्बर, लुडिङ्टन, बहिरङ्ग/फिजिसियन सेवा-स्थलहरू, पेनोक, प्रायोरिटी हेल्थ, रिड सिटी, एसएच जिआर हस्पिटल्स, एसएचएमजि, स्प्रेक्ट्रम हेल्थ लेकल्यान्ड, युनाइटेड/केल्सी, जील्यान्ड

**प्रयोजनियता सीमित:** लागू हुँदैन

**सन्दर्भ नं.:** २९८३

**संस्करण नं.:** ९

**लागू हुने मिति:** ०८/०१/२०२०

**कार्यक्षेत्र:** वित्त, महसुल चक्र

**विभाग क्षेत्र:** वित्त, बिरामी पहुँच

---

**गैरविभेदको सूचना:** सम्पूर्ण व्यक्तिहरूलाई गुणस्तरीय स्वास्थ्य-स्याहार प्रदान गर्नु स्पेक्ट्रम हेल्थ र सम्पूर्ण सहायक संस्थाहरूको नीति हो। भर्ना र उपचार निर्णयहरू बिरामीको आवश्यकता तथा आवश्यक मेडिकल स्याहार र उपचार प्रदान गर्ने सुविधाको सामर्थ्य र क्षमतामा मात्र भर पर्नेछ। नश्लियता, रङ, लिङ्ग, यौन, जात, उत्पत्ति राष्ट्र, धर्म, असक्तता, उमेर, एचआइभि स्थिति, भेटेरन वा सैनिक दर्जा, सेवाहरूका लागि भुक्तानीको स्रोत संघीय, राज्य वा स्थानीय कानुनले निषेध गरेको अन्य कुनै आधारमा भर्ना र उपचार निषेध गरिनेछैन। बिरामीहरूलाई उनीहरूको लैङ्गिक पहिचानसँग मिल्दो तरिकाले उपचार (व्यवहार) गरिनेछ। एनएचएससि-स्वीकृत साइटहरूले कुनै पनि व्यक्तिलाई सेवाहरूको प्रावधानबाट
निम्नमा आधारित रहेर विभेद गर्नुहुने छैनः भुक्तानी गर्ने व्यक्तिको अक्षमता; चाहे ती सेवाहरूका लागि भुक्तानी मेडिकेयर, मेडिकेड, वा सिएचआइपिअन्तर्गत किन नहोस्; सो व्यक्तिको जात, रङ्ग, यौन, उत्पत्ति राष्ट्र, असक्तता, धर्म, उमेर, यौनिक झुकाव, वा लैङ्गिक पहिचान।
अन्य विवरणहरूका लागि बिरामी अधिकार तथा जिम्मेवारीहरू हेर्नुहोस्।

गैरविभेदको पूर्ण सूचना साथसाथै भाषा सहयोगको उपलब्धताबारे संलग्न ख (अट्याचमेन्ट बि) हेर्नुहोस्।

---

1. **उद्देश्य**
   स्पेक्ट्रम हेल्थमा आर्थिक सहयोग प्राप्त गर्नका लागि को योग्य छ भनी युक्तिसङ्गत निर्णय गर्नका लागि प्रक्रिया रेखाङ्कित गर्न। आर्थिक सहयोगको उपलब्धता बिरामीहरू र सर्वसाधारणलाई सञ्चार गर्न तथा आर्थिक सहयोगका लागि अनुरोधहरूमा एकरूप मार्गदर्शनहरू लागू गरिएको सुनिश्चित गर्न, चाहे बिरामीलाई सेवा प्रदान गरिने स्पेक्ट्रम हेल्थ जहाँसुकै किन नहोस्।

यस प्रलेखको प्रिन्टआउट म्याद सकिएको हुनसक्छ र त्यसलाई अनियन्त्रित मानिनु पर्नेछ।

**2. जिम्मेवारीहरू**

यो स्पेक्ट्रम हेल्थ आर्थिक सहयोग योग्यता नीतिलाई, सहयोगी आर्थिक सहयोग योग्यता कार्यविधिमा रेखाङ्कित गरिएअनुसार, उपयुक्त रूपमा खटाइएको स्पेक्ट्रम हेल्थ कर्मचारीद्वारा सञ्चालन गरिनेछ।

**3. नीतिको विषयवस्तु**

तल खण्ड ६.६ मा स्थापित गरिएअनुसार, स्पेक्ट्रम हेल्थले आर्थिक कठिनाइ मार्गदर्शनहरूअन्तर्गत योग्य हुने बिरामी/ग्यारेन्टीकर्ता भएको स्थितिमा आसन्न वा मेडिकल रूपमा आवश्यक स्याहारका लागि बिरामीको आर्थिक जिम्मेवारी मुक्त गर्छ, र यसको आर्थिक सहयोग योग्यता कार्यविधिको सञ्चालनमा स्पेक्ट्रम हेल्थसँग सहयोग गर्छ। कुनै पनि चार्जहरूबाट मुक्त गरिनुअघि आर्थिक आवश्यकताहरूको विश्वसनीय निर्धारण गर्नु पर्नेछ।

**4. दर्शन**

आर्थिक दायित्व नभएर आसन्न वा मेडिकल रूपमा आवश्यक स्याहार उपचारका आधार हुनेछन्। प्रदर्शनयोग्य आर्थिक आवश्यकतामा आधारित रहेर आर्थिक सहयोग प्रदान गरिनेछ र सक्षम हुँदा बिरामी/ग्यारेन्टीकर्ताको सहकार्यमा अनुमोदित गरिनेछ। प्राथमिक भुक्तानीकर्ता जोसुकै भए पनि आर्थिक सहयोगका लागि आवेदन गर्ने सम्पूर्ण बिरामीहरू/ग्यारेन्टीकर्ताहरूलाई एउटै आर्थिक सहयोग प्रक्रिया लागू हुनेछ।

मेडिकल रूपमा आवश्यक स्याहारलाई त्यस्ता सेवाहरूका रूपमा पहिचान गरिएको छ, जसलाई स्याहारको सबैभन्दा उपयुक्त तहमाथि विचार गर्दा मेडिकल रूपमा आवश्यक भनी निदान गरिएको छ वा युक्तिसङ्गत रूपमा आशङ्का गरिएको कुनै बिरामी वा चोटपटक पहिचान गर्न वा उपचार गर्नका लागि आवश्यक हुन्छ। बिरामीको मेडिकल स्थितिमा आधारित रहेर, सेवा प्रदान गर्ने सबैभन्दा उपयुक्त व्यवस्थापन कुनै घर, फिजिसियनको कार्यालय, बहिरङ्ग सुविधा वा दीर्घकालीन स्याहार, पुनर्स्थापना वा अस्पतालको बेड हुन सक्छ। मेडिकल रूपमा आवश्यक हुनका लागि कुनै पनि सेवा निम्न हुनुपर्नेछ:

- बिरामी वा चोटपटकको उपचार गर्नका लागि आवश्यक;
- बिरामीको परिस्थितिको निदान र उपचारसँग अनुकूल;
- मेडिकल सेवाका स्तरहरूअनुसार भएको;
- बिरामी वा बिरामीको फिजिसियनको सुविधाका लागि नभएको;
- बिरामीको आर्थिक वा परिवारको परिस्थितिले नभएर बिरामीको मेडिकल अवस्थाले निर्धारण गरेअनुसार बिरामीको सबैभन्दा उपयुक्त स्याहारको तहमा भएको;

आसन्न स्याहार मेडिकल रूपमा आवश्यक मानिएको।

**5. आकस्मिक मेडिकल स्याहार नीति**

व्यक्तिहरूको भुक्तानी गर्ने क्षमता वा आर्थिक सहयोगका लागि योग्यता जेसुकै भए पनि स्पेक्ट्रम हेल्थले कुनै विभेदबिना आकस्मिक मेडिकल परिस्थितिका लागि स्याहार प्रदान गर्नेछ। आसन्न मेडिकल परिस्थितिहरू अल्पकालीन लक्षणहरूसहितको स्वास्थ्य अवस्था अचानक उत्पन्न हुँदा आकस्मिक मेडिकल परिस्थितिहरू उत्पन्न हुन सक्छन्, जसका लागि तत्काल चिकित्सासम्बन्धी ध्यानाकर्षण नहुँदा, त्यसले बिरामीको स्वास्थ्यलाई गम्भीर जोखिममा पार्नसक्ने, कुनै शारीरिक अङ्ग वा भागको गम्भीर दुष्क्रियामा

धकेल्न सक्ने यथोचित कारण हुन सक्छन्। स्पेक्ट्रम हेल्थ त्यस्ता कार्यहरूमा संलग्न हुनेछैन, जसले व्यक्तिहरूलाई आकस्मिक मेडिकल स्याहार प्राप्त गर्न दुरुत्साहित गर्छ, र, त्यसतर्फ, आकस्मिक स्याहार ऋण सङ्कलन वा उपचारअघि नै सेवाहरूका लागि पूर्व भुक्तानीको मागको हस्तक्षेप नराखी प्रदान गरिनेछ, जुन आकस्मिक मेडिकल उपचार तथा क्रियाशील श्रम ऐन (इएमटिएएलए) नीतिमा अगाडि व्याख्या गरिएको छ।

## 6. नीति

### 6.1. आवास आवश्यकता

स्वास्थ सुधार गर्ने, आशा प्रेरित गर्ने, र जीवन बचाउने हाम्रो लक्ष्यलाई कायम राख्न स्पेक्ट्रम हेल्थले आर्थिक सहयोगका लागि विवेचन हामीले सेवा दिने समुदायभित्र बस्ने आवेदकहरूमा मात्र सीमित गर्ने छ। यसको अपवाद ती बिरामीहरूका लागि हुन सक्छ, जसका लागि आकस्मिक वा मेडिकल रूपमा आवश्यक स्याहार उनीहरूको स्वास्थ्य-स्याहार प्रदायकको सेवाक्षेत्रभित्र उपलब्ध हुँदैन।

### 6.2. समीक्षा

**6.2.1.** आर्थिक सहयोग खोज्नुभन्दा अगाडि, बिरामी/ग्यारेन्टीकर्ताले तथा स्पेक्ट्रम हेल्थले अगाडि खण्ड ६.३ मा रेखाङ्कित गरिएअनुसार तेस्रो पक्ष भुक्तानीका सम्पूर्ण युक्तिसङ्गत रूपहरूको प्रयास गर्नेछन्।

**6.2.2.** गैर-आकस्मिक वा गैर-मेडिकल रूपमा आवश्यक सेवाहरूका लागि, भुक्तानीका लागि अन्य कुनै स्वीकृत व्यवस्थापन नगरिएको स्थितिमा, सेवाअघि वा वक्तव्य पहिलोपटक प्रस्तुत गरिएका बेला, पूर्ण भुक्तानी आवश्यक गर्ने स्पेक्ट्रम हेल्थको नीति रहेको छ, जसमा निम्न सामेल छन्, तर यतिमै सीमित छैनन् – प्रयोगात्मक/अनुसन्धान अध्ययनहरू, खास कस्मेटिक सेवाहरू र मोटोपनसम्बन्धी शल्यक्रिया प्रक्रियाहरू।

**6.2.3.** बिरामीहरू/ग्यारेन्टीकर्ताहरू, जसले आफूहरू आर्थिक रूपमा भुक्तानी गर्न नसक्ने पहिचान गर्छन्, वा जसलाई स्पेक्ट्रम हेल्थले सम्भाव्य आर्थिक रूपमा भुक्तानी गर्न नसक्ने पहिचान गरेको छ, तिनीहरूलाई लागू भएअनुसार उपयुक्त रूपमा तोकिएको स्पेक्ट्रम स्वास्थ्य कर्मचारीसमक्ष मूल्याङ्कनका लागि सिफारिस गरिनेछ। त्यसपछि स्पेक्ट्रम हेल्थ पर्सोनेल भुक्तानी गर्ने प्रदर्शित अक्षमता रहे / नरहेको निर्धारण गर्न आर्थिक सहयोग आवेदन प्रक्रियामा अघि बढ्नेछन्। बिरामी/ग्यारेन्टीकर्तालाई एउटा आर्थिक सहयोग आवेदन पूरा गर्नका लागि भन्न सकिनेछ। आवेदनमा प्रदान गरिएको जानकारी प्रमाणीकरण गर्नका लागि एउटा क्रेडिट रिपोर्ट पाउन सकिनेछ, तर त्यसलाई आर्थिक सहयोग योग्यताको निर्धारण गर्नका लागि प्रयोग भने गरिनेछैन। स्पेक्ट्रम हेल्थ नीति तथा कार्यविधिहरूमा समनुरूप आर्थिक सहयोगका लागि अनुमानतः योग्य हुने र तदनन्तर प्रमाणित हुने निश्चित बिरामी/ग्यारेन्टीकर्ताहरूका लागि आवेदन प्रक्रियाका अंशहरू वा सम्पूर्ण आवेदन प्रक्रियाबाट छुट दिन सकिनेछ। यसको उदाहरणमा गृहविहीन मानिएका वा कुनै भूसम्पत्ति बिना मृत्यु भएका व्यक्तिहरू सामेल हुन सक्छन्।

**6.2.4.** यदि, आर्थिक आवेदन प्रक्रियाको नतिजास्वरूप, सहयोग मापदण्डहरू पूरा गरिँदैनन् भने, बिरामी/ग्यारेन्टीकर्तालाई स्पेक्ट्रम हेल्थ बिरामी जिम्मेवार ब्यालेन्स बिलिङ तथा सङ्कलन नीतिअनुसार तथा उचित कार्यविधिअनुसार भुक्तानीको व्यवस्था गर्न सुझाव दिइनेछ, जसअन्तर्गत

बिरामी/ग्यारेन्टीकर्ता तत्काल भुक्तानी छुटहरू, भुक्तानी योजनाहरू आदि जस्ता छुटहरू र/वा भुक्तानी विकल्पहरूका लागि योग्य हुन सक्छन्।

**6.2.5.** यदि आर्थिक कठिनाइ मार्गदर्शनहरू लागू हुनसक्ने देखियो भने, बिरामी/ग्यारेन्टीकर्तालाई आवेदनमा विवरण दिइएअनुसार सहयोगी कागजपत्र (प्रलेख) हरू प्रदान गर्न भन्न सकिनेछ र सोही अनुरूप आवेदन प्रक्रियामा लगिनेछ।

**6.2.6.** सो निर्णय नतिजाहरूसहित बिरामीको अकाउन्ट प्रलेखीकरण गरिनेछ। सो निर्णय (लागू हुने भए, सो व्यक्ति योग्य हुने सहयोगसहित) र सो निर्णय गर्नका लागि प्रयोग गरिएका आधारहरूसहितको जानकारी लिखितमा बिरामी/ग्यारेन्टीकर्तालाई सूचित गर्नका लागि यथायोग्य प्रयासहरू गरिनेछन्।

**6.2.7.** आवेदनहरूका लागि सम्पूर्ण लागूयोग्य र सहयोगी प्रलेखीकरणलाई रेकर्ड व्यवस्थापन, धारण र विनाश नीति अनुसार कायम राखिनेछ।

### 6.3. तेस्रो पक्ष भुक्तानी स्रोतहरू

आर्थिक सहयोग खोज्नुअघि, बिरामी/ग्यारेन्टीकर्ता र स्पेक्ट्रम हेल्थले तेस्रो पक्ष भुक्तानीका युक्तिसङ्गत रूपहरू प्राप्त गर्ने प्रयास गर्नेछन्, यसमा मेडिकेड र स्वास्थ्य बिमा बजारमा भर्ना सामेल छन् तर यतिमै सीमित छैनन्।

निम्नलिखित कुराको अनुसन्धान, प्रमाणीकरण, अन्तर्वार्ता र असाइनमेन्टको अनुरोध गर्ने अधिकार स्पेक्ट्रम हेल्थसँग सुरक्षित रहेको छः

A. कुनै पनि तेस्रो-पक्ष बिमा स्रोतबाट सम्पूर्ण लाभहरू;

B. बिरामी/ग्यारेन्टीकर्ता योग्य हुन सक्ने राज्य वा संघीय सहयोग कार्यक्रमका सम्पूर्ण लाभहरू;

C. कुनै पनि परोपकारी संस्थाबाट प्राप्त सम्पूर्ण लाभहरू; र/वा

D. विचाराधीन अभियोग।

आर्थिक सहयोग अन्तिम उपायको एकाउन्ट समाधान प्रक्रिया हो। त्यसरी, कुनै बिरामी/ग्यारेन्टीकर्ताले माथिका कुनै पनि लागूयोग्य कार्यक्रमहरूअन्तर्गत सम्पूर्ण जिम्मेवारीहरू पूरा गर्नु पर्नेछ वा आर्थिक सहयोगका लागि योग्य हुनु पूर्व उपलब्ध व्यक्तिगत स्रोतहरू प्रयोग गर्नु पर्नेछ। अनुरोध गरिएको जानकारी प्रदान गर्न कुनै बिरामी/ग्यारेन्टीकर्ता असफल हुनुको, वा माथिका कार्यक्रमहरूमध्ये कुनै एकमा सहभागी हुनुको नतिजा आर्थिक सहयोग अस्वीकार हुन सक्छ।

### 6.4. आर्थिक सहयोगको उपलब्धता

आर्थिक सहयोगको उपलब्धताका विषयमा बिरामीहरू तथा सर्वसाधारणहरूमाझ व्यापक रूपमा सञ्चारहरूको प्रचार-प्रसार गर्न स्पेक्ट्रम हेल्थले विभिन्न उपायहरू कार्यान्वयन गरेको छ। सञ्चार विधिहरूमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् – हरेक अस्पतालको आकस्मिक विभाग, रजिस्ट्रेसन क्षेत्रहरू र अन्य सार्वजनिक स्थानहरूमा सङ्केतहरू साथसाथै स्पेक्ट्रम हेल्थ वेबसाइटमा जानकारी (खण्ड ६.५ मा सन्दर्भ लिइएको)। यस अतिरिक्त, स्पेक्ट्रम हेल्थले आफ्नो आर्थिक सहयोग

योग्यता नीतिको सरल भाषा सारांश, बिरामी भर्ना र/वा डिस्चार्ज प्रक्रियाको अंशका रूपमा प्रदान गर्ने छ, साथसाथै आवेदन प्रक्रिया पूरा गर्न व्यक्तिहरूलाई मद्दत गर्नेछ।

बिरामीहरूलाई पहिलो डिस्चार्जपछिको बिलिङ विवरणको मितिबाट कम्तीमा १२० दिनको अवधिका लागि आर्थिक सहयोग योग्यता नीतिबारे सूचित गरिनेछ। बिरामीका ब्यालेन्सहरू आर्थिक सहयोग मूल्याङ्कनका लागि पहिलो डिस्चार्ज पछिको बिलिङ विवरणको मितिबाट कम्तीमा २४० दिनका लागि योग्य हुनेछन् ("आवेदन अवधि")। यदि स्पेक्ट्रम हेल्थले आवेदनको अवधिमा आर्थिक सहयोगका लागि आवेदन प्राप्त गर्छ भने, आवेदन पूर्ण वा अपूर्ण जे भए पनि, आर्थिक सहयोगका लागि निर्णय नहुन्जेलसम्मका लागि कुनै पनि सङ्कलन प्रयासहरू स्थगित गर्नेछ।

स्पेक्ट्रम हेल्थमा केही सेवाहरू ती प्रदायकहरूद्वारा बिरामीहरूलाई प्रदान गर्न सकिनेछ, जसले स्पेक्ट्रम हेल्थको आर्थिक सहयोग योग्यता नीति र प्रक्रिया उपयोग नगर्न सक्छन्। यी प्रदायकहरूको सूचीका लागि, कृपया संलग्न क (ए) , को सबैभन्दा पछिल्लो संस्करण हेर्नुहोस्, जसलाई समयक्रममा जानकारी परिवर्तन हुँदै जाँदा आवधिक रूपमा अद्यावधिक गरिनेछ।

राष्ट्रिय स्वास्थ्य सेवा कर्प्स ("एनएचएससि") द्वारा स्वीकृत सेवा स्थल वा मिसिगन राज्य ऋण पुनर्भुक्तानी कार्यक्रम ("एमएसएलआरपि") द्वारा स्वीकृत सेवास्थललाई आय र परिवार आकारको एनएचएससि आवश्यकताहरूमा आधारित रहेर आर्थिक सहयोगका लागि मूल्याङ्कन गरिनेछ र अन्य कुनै कारकहरूमा मूल्याङ्कन गरिनेछैन।

### 6.5. आर्थिक सहयोग पहिचान र आवेदन प्रक्रिया

आथिकर् सहयोग योग्यता पर्किर्याको लक्ष्य भनेको बिरामी/ग्यारेन्टीकताकोर् भुक्तानी गर्ने क्षमता निधारर्ण गर्नु हो। आथिकर् सहयोग योग्यता नीतिका साथसाथै वतमार्न आथिकर् सहयोग आवेदन को निःशुल्क पर्ति तथा सो नीतिको सरल भाषा सारांश, सम्पूर्ण स्पेक्टर्म स्वास्थ्य स्थलहरूमा https://www.spectrumhealth.org/affording-care/financial-assistance मा (८००) ९६८.०१४५ मा फोन गरेर वा

FinancialCounseling@spectrumhealth.org.मा इमेल गरेर उपलब्ध छ । सोको निःशुल्क पर्ति https://www.spectrumhealthlakeland.org/patient-visitor-guide/patient/billing/financial-assistance मा, (८४४) ४०८.४१०३ मा फोन गरेर वा SHLfinancialcounseling@spectrumhealth.org मा इमेल गरेर पनि उपलब्ध छ। हरेक व्यिक्तले एउटा आथिर्क सहयोग आवेदन पूरा गनुपनर्े र आवेदनको अंशका रूपमा स्पेक्टमर् हेल्थले अनुरोध गरेको जानकारी पदार्न गर्न आवश्यक हुन सक्छ। स्पेक्टमर् हेल्थले खण्ड ६.६ मा स्थापित गरिएका आथिकर् कठिनाई मागदर्शनर्हरूमा आधारित रहेर आथिकर् सहयोग निधारर्ण गर्नेछ। स्पेक्टर्म हेल्थले तलब भुक्तानी-रसिदका पर्तिहरू, संघीय आय कर फिर्ती र अन्य कुनै आय तथा सम्पित्त पर्माणीकरण सर्ोतहरूका पर्तिहरूआवश्यक गर्न सक्छ, जसको व्याख्या आवेदनमा गरिएको छ। पर्विधि तथा टाट पल्टेको भनी फाइलिङ, मृत्यु रेकडहर्रूर घरजग्गा फाइलिङजस्ता अन्य सामुदायिक रेकडहर्रूलाई सहयोगका लागि योग्य हुने बिरामीहरूको अगर्सकिर्य तथा पर्भावकारी पहिचान गनकार् लागि उपयोग गर्न सकिनेछ, जब उनीहरूले सम्पूर्ण आवेदन जानकारीहरू पर्दान गर्न सक्तैनन् , वा आवश्यक तथ्याङ्क पर्ाप्त गर्ने विधिलाई स्वचालित बनाउनका लागि र

यस प्रलेखको प्रिन्टआउट म्याद सकिएको हुनसक्छ र त्यसलाई अनियन्त्रित मानिनु पर्नेछ।

विशिष्ट परिस्थितिहरूमा भुक्तानी गर्ने क्षमताको विश्लेषण गर्न आवश्यक हुन्छ। अनुमानिक योग्यतालाई सहयोग गर्नका लागि जब प्रविधिको उपयोग गरिन्छ, यसलाई आवेदनको अंशका रूपमा अनुरोध गरिएको जानकारी प्राप्त गर्नका लागि प्रयोग गरिन्छ। अनुमानिक योग्यता टाट पल्टेको भनी सुरक्षा पुष्टि भएका, कुनै घरजग्गाबिनै मृत्युवरण गरेका, आश्रय रेकर्डहरू वा अन्य स्वीकृत स्रोतले गृहविहीन मानेका आवेदकहरूलाई प्रदान गरिनेछ। आवेदकहरूलाई माथिको खण्ड ६.३ मा अगाडि नै उल्लेख गरेअनुसार तेस्रो पक्ष बिमा, राज्य, संघीय वा अन्य परोपकारी कार्यक्रमहरूबाट लाभ लिनका लागि आवेदन गर्नमा सहयोग र सहकार्य गर्न अनुरोध गर्न सकिनेछ।

प्रयासहरू दोहोरिने क्रियाबाट बच्नका लागि स्पेक्ट्रम हेल्थले आर्थिक सहयोग योग्यताको निर्धारण साझेदार सङ्गठनहरूमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ। योग्यता उद्देश्यका लागि साझेदार सङ्गठनहरूले यस नीतिका मार्गदर्शनहरू अँगाल्नेछन्, वा आफूले सेवा दिने जनसङ्ख्याको प्रकृतिअनुसार हाम्रो आवेदनका आवश्यकताहरूको न्यूनतम आवश्यकता पूरा गरेका हुनेछन्। प्रतिनिधित्व भएमा, यस नीतिको पालना भएको सुनिश्चित गर्नका लागि स्पेक्ट्रम हेल्थले आवधिक रूपमा सो सङ्गठनको प्रलेखीकरणको समीक्षा गर्नेछ।

राष्ट्रिय स्वास्थ्य कर्प्स ("एनएचएससि") स्वीकृत कुनै सेवास्थल वा मिसिगन राज्य ऋण पुनर्भुक्तानी कार्यक्रम ("एमएसएलआरपि") स्वीकृत कुनै सेवास्थलमा स्याहार प्राप्त गरिरहेका बिरामीहरूले वर्तमान एनएचएससि स्थानहरूका लागि आर्थिक सहयोग आवेदन प्रयोग गर्न सक्नेछन्। एनएचएससि वा एमएसएलआरपि स्थानहरूमा स्याहार प्राप्त गरिरहेका आवेदनकहरूले तेस्रो पक्ष बिमा, राज्य, संघीय वा अन्य परोपकारी कार्यक्रमबाट लाभहरूका लागि आवेदन दिन आवश्यक छैन।

**6.6.** आर्थिक कठिनाई मार्गदर्शन योग्यताहरू

राष्ट्रिय स्वास्थ्य कर्प्स ("एनएचएससि") स्वीकृत कुनै सेवास्थल वा मिसिगन राज्य ऋण पुनर्भुक्तानी कार्यक्रम ("एमएसएलआरपि") स्वीकृत कुनै सेवास्थलमा स्याहार प्राप्त गरिरहेका बिरामीहरूबाहेकका लागि, आर्थिक सहयोग योग्यता निर्धारण गर्दा, स्पेक्ट्रम हेल्थले अनुरोध गरिएको सेवाहरूका लागि वा पहिले नै प्रदान गरिएका सेवाहरूका लागि स्पेक्ट्रम हेल्थलाई पुनर्भुक्तानी गर्ने बिरामी/ग्यारेन्टीकर्ताको क्षमता छ कि छैन भनी मूल्याङ्कन गर्नेछ।

स्पेक्ट्रम हेल्थले निम्नलिखित जस्ता जानकारीहरू मूल्याङ्कन गर्नेछ:

- आय स्तरहरू
- कुल मूल्य
- रोजगार स्थिति
- अन्य आर्थिक दायित्वहरू
- स्वास्थ्य स्याहार बिलहरूको मात्रा र आवृत्ति

जानकारीलाई वैधता प्रदान गर्नका लागि एउटा क्रेडिट रिपोर्ट प्राप्त गर्न सकिनेछ। स्पेक्ट्रम हेल्थले आय पात्रता योग्यताका लागि वर्तमान अमेरिकी संघीय गरिबी मार्गदर्शन (एफपिजि) लाई आधारका रूपमा प्रयोग गर्नेछ। स्वास्थ्य तथा मानव सेवा विभागले वार्षिक रूपमा प्रकाशित गरेअनुसार अन्यथा तिर्नुपर्ने रकमहरूका लागि सम्पूर्ण आर्थिक दायित्वबाट मुक्तिका लागि योग्यता आय (स्वतन्त्र स्याहार) वर्तमान

एफपिजिले परिभाषित गरेको गरिबीको २५०% हुनेछ (वर्तमान मार्गदर्शनका लागि https://aspe.hhs.gov/poverty-guidelinesहेर्नुहोस्)।

राष्ट्रिय स्वास्थ्य कर्प्स ("एनएचएससि") स्वीकृत कुनै सेवास्थल वा मिसिगन राज्य ऋण पुनर्भुक्तानी कार्यक्रम ("एमएसएलआरपि") स्वीकृत कुनै सेवास्थलमा स्याहार प्राप्त गरिरहेका बिरामीहरूले, जो गरिबी तहको २५० प्रतिशतमा छन् (माथिको अनुच्छेदमा दिइएको लिङ्कमा प्राप्त गर्न सकिने), सम्पूर्ण आर्थिक दायित्व (निःशुल्क स्याहार) बाट मुक्ति प्राप्त गर्नेछन्, जुन स्लाइडिङ शुल्क छुट कार्यक्रम समनुरूप एनएचएससि वा एमएसएलआरपि स्वीकृत स्थानहरूमा प्रदान गरिएका सेवाहरूका लागि हुनेछ। त्यसरी, घटबढ हुने शुल्क छुट (सेवाहरूका लागि शुल्कहरूको तालिका) लागू हुनेछैन।

बिरामी/ग्यारेन्टीकर्ताको आयसँग सम्बन्धित आर्थिक रेकर्डहरू पनि अनुरोध गर्न सकिनेछ, तेस्रो पक्षलाई जिम्मेवारी दिनका लागि नभएर, त्यसले कसरी आवेदकको आर्थिक स्थितिलाई प्रत्यक्ष असर पार्छ भन्ने कुरा निर्धारण गर्नका लागि। अमेरिकी जनगणना ब्युरोले परिभाषित गरेअनुसार, घरपरिवारसँगै बस्ने दुई वा दुईभन्दा बढी सम्बन्धित परिवारका सदस्यहरूको एउटा समूह हो, जसमा सदस्यहरूबीचको सम्बन्ध जन्म, विवाह, दत्तक ग्रहण वा अन्यथा सँगै बसेका कारण जोडिएको हुन्छ; (गैर-सम्बन्धीहरू जस्तै गृहसाथीहरूलाई गणना गरिँदैन) एउटै घरपरिवारमा बस्ने सबै सम्बन्धित व्यक्तिहरूलाई एक घरपरिवारका सदस्यहरू मानिन्छ। स्पेक्ट्रम हेल्थले एउटै घरमा बस्ने तर आफूलाई अलग रूपमा सहयोग गर्ने व्यक्तिहरूलाई संयुक्त घरपरिवारका रूपमा मान्दैन। मेडिकल परिस्थितिका कारण अस्थायी बसाइ पनि लागू हुँदैन।

भुक्तानी गर्ने क्षमता मूल्याङ्कन गर्दा बिरामीको चिकित्सासम्बन्धी, व्यावहारिक र/वा सामाजिक इतिहासमाथि विचार गरिनेछैन।

**6.7. एकरूपता**

स्पेक्ट्रम नीतिभित्र यस नीतिको एकरूप कार्यान्वयन निश्चित गर्नका लागि, निम्नलिखित कुराहरू लागूयोग्य स्पेक्ट्रम हेल्थ सुविधाहरूमा लागू हुनेछन्:

A. सामान्य चार्जिङ कार्यविधिअनुसार सम्पूर्ण चार्जहरू बिरामीको एकाउन्टमा रेकर्ड गरिनेछ। यद्यपि चार्जहरू बिलिङ तथा सङ्कलन रेकर्ड कायम राख्ने उद्देश्यका लागि भए तापनि, मूल्यहरू (चार्जहरू होइन) आर्थिक सहयोगको मूल्याङ्कनका लागि प्राथमिक रिपोर्टिङ एकाइ हुनेछन्।

B. सेवाहरूलाई न्यून शुल्कमा "डाउनकोड" गरिनेछैन।

C. "पेसागत शिष्टाचार" उपयोग गरिनेछैन।

D. स्पेक्ट्रम हेल्थले जात, रङ, उत्पत्ति राष्ट्र, नागरिकता, लिङ्ग, धर्म, उमेर, असक्तता, राजनैतिक विश्वास, यौनिक झुकाव, र वैवाहिक वा पारिवारिक स्थितिका आधारमा विभेद गर्नेछैन।

E. यस नीतिको मापदण्ड पूरा गर्ने तथा आर्थिक सहयोगका लागि स्वीकृत भएका बिरामीहरू नि:शुल्क

आसन्न वा मेडिकल रूपमा आवश्यक स्याहारका लागि योग्य हुनेछन्, जुन खण्ड ६.९ मा रेखाङ्कित गरेअनुसारको स्वीकृति अवधिका लागि हुनेछ। स्पेक्ट्रम हेल्थले यस नीतिअन्तर्गत आर्थिक सहयोगका लागि योग्य हुने बिरामीहरूलाई कुनै पनि रकम चार्ज नगर्ने भएकाले, स्पेक्ट्र हेल्थ परोपकारी अस्पतालहरूमा लागू हुने "सामान्यतया बिल गरिने रकम" तथा कुल-भन्दा-कम चार्ज सीमाहरूसँग पूर्ण रूपमा सुसङ्गत रहेको छ।

### 6.8. आवेदन स्वीकृति प्रक्रिया

**6.8.1.** सम्पूर्ण आर्थिक सहयोग निर्णयहरू आर्थिक सहयोग योग्यता कार्यविधिहरूमा रेखाङ्कित गरिएका उपयुक्त पर्सोनेलहरूद्वारा स्वीकृत गरिनु पर्नेछ।

**6.8.2.** सम्पूर्ण आर्थिक सहयोग निर्णयहरूमा सहयोगी प्रलेखीकरण सामेल हुनु पर्नेछ र माथि खण्ड ६.२.७ मा सन्दर्भ दिए अनुसार कायम गरिनु पर्नेछ।

### 6.9. स्वीकृति अवधि

आर्थिक सहयोग योग्यता नीतिअन्तर्गत स्वीकृत गरिएका सम्पूर्ण आर्थिक सहयोग आवेदनहरू कम्तीमा ९० दिनको अवधिका लागि प्रभावकारी रहन सक्नेछन् र यसमा पछिल्लो आसन्न वा मेडिकल रूपमा आवश्यक स्याहार सामेल हुनसक्छ। आर्थिक अवस्थामा कुनै परिवर्तन वा तेस्रो पक्ष योग्यता भुक्तानीकर्ता थप गर्नाले स्वीकृति अवधि परिवर्तन हुन सक्नेछ र त्यसका लागि थप समीक्षा आवश्यक हुन सक्नेछ।

### 6.10. अपिल प्रक्रिया

यस नीतिको प्रावधानअन्तर्गत आर्थिक सहयोग अस्वीकृत गरिएका व्यक्तिहरूले सो निर्णयको समीक्षा गर्न अनुरोध गर्न सक्नेछन्। स्वीकृतिका लागि समीक्षाहरू आधिकारिकताको अर्को तहमा कार्यसम्पादन गरिनेछन्। बिरामी वित्तभित्रका व्यवस्थापनको तहभन्दा माथि अघि बढ्ने अपिलहरूलाई स्पेक्ट्रम हेल्थ वा उसको/उनको प्रतिनिधिले चयन गरेको स्पेक्ट्रम हेल्थ वरिष्ठ नेतृत्वको समूहमा लगिने छ।

### 6.11. भुक्तानी नभएको स्थितिमा सङ्कलन प्रयासहरू

बिरामी/ग्यारेन्टीकतालेर् यस नीतिअन्तगतर् आथिकर् सहयोगका लागि आवेदन नगरेको खण्डमा वा सोका लागि योग्य नभएको खण्डमा, भुक्तानी नभएको स्थितिमा स्पेक्टर्म हेल्थले लिने सङ्कलन काबाहरीहरूलाई पूर्ण रूपमा बिरामी जिम्मेवार बक्यौता बिलिङ तथा सङ्कलन नीति मा व्याख्या गरिएको छ। यस नीतिको एउटा निःशुल्क पर्ति सम्पूर्ण स्पेक्टर्म हेल्थ स्थानहरूबाट, https://www.spectrumhealth.org/affording-care/financial-assistance, मा, (८००) ९६८.०१४५ मा फोन गरेर, वा FinancialCounseling@spectrumhealth.org. मा इमेल गरेर पर्ाप्त गर्न सकिनेछ। एउटा निःशुल्क पर्ति https://www.spectrumhealthlakeland.org/patient-visitor-guide/patient/billing/financial-assistance मा, (८४४) ४०८.४१०३ मा फोन गरेर वा SHLfinancialcounseling@spectrumhealth.org मा इमेल गरेर पनि उपलब्ध हुन सक्नेछन् । कुनै सङ्कलन

कार्बाहीहरू पहल गर्नुभन्दा कम्तीमा ३० दिनअघि नै प्रत्येक व्यक्तिलाई भिन्न लिखित सूचना प्रदान गरिनेछ।

**6.12. सामान्यतया बिल गरिने रकम (एजिबि) गणना गर्नका लागि आधार**

स्पेक्ट्रम हेल्थ (पर्याप्त रूपमा सम्बन्धित संस्थाहरूसहित) ले एफएपि-योग्य बिरामीहरूलाई आसन्न वा अन्य मेडिकल रूपमा आवश्यक स्याहारका लागि ती स्याहार कभर गर्ने बिमा भएकाहरूको तुलनामा सामान्यतया तिर्न लगाउने रकम (एजिबि) भन्दा बढी तिर्न लगाइने छैन। त्यसको साटो, स्पेक्ट्रम हेल्थले यस एफएपिअन्तर्गत आर्थिक सहयोगका लागि योग्यता मापदण्ड पूरा गर्ने कुनै पनि बिरामीलाई आसन्न वा अन्य मेडिकल रूपमा आवश्यक स्याहार निःशुल्क प्रदान गर्नेछ। स्पेक्ट्रम हेल्थले पछि फर्केर हेर्ने विधि प्रयोग गर्छ र हरेक अस्पताल सुविधाका लागि एजिबि प्रतिशत गणना गर्छ, जुन मेडिकेयर सेवाका-लागि-शुल्कले निजी बिमासँग अघिल्लो क्यालेन्डर वर्षको १२ (बाह्र) महिनाको अवधिका लागि स्वीकृत गरेअनुसार आकस्मिक र अन्य मेडिकल रूपमा आवश्यक स्याहारका लागि दाबी गरिएका सम्पूर्ण रकमहरूको योगलाई, ती दाबीहरूका लागि कुल तिरोहरूको योगफलले भाग गरेर गरिन्छ। स्पेक्ट्रम हेल्थले एजिबि गणनाको व्याख्या र प्रतिशतहरूको ताजा प्रति आफ्नो वेबसाइटमा पोस्ट गर्छ।

**6.13. विनाशकारी आर्थिक भार**

महत्त्वपूर्ण स्वास्थ्य घटनाहरूले बिरामी र परिवारहरूका लागि विनाशकारी आर्थिक भार थप्न सक्छ भन्ने कुरा स्पेक्ट्रम हेल्थ स्वीकार गर्छ र एकल आधारमा विनाशकारी केसहरूको समीक्षा गर्ने अधिकार स्पेक्ट्रम हेल्थले सुरक्षित राखेको छ। बितेका २४० दिनमा सङ्कलित साथसाथै आगामी ९० दिनमा हुने आशङ्का गरिएका मेडिकल बिलहरूलाई कारक देखाउँदै न्यूनीकृत आर्थिक दायित्वका लागि विवेचन गरिनेछ। विनाशकारी आर्थिक बोझ त्यो हो, जसले वार्षिक घरपरिवारको आयको २५% वा सोभन्दा बढीको आर्थिक भार थप्छ।

**7. संशोधनहरू**

स्पेक्ट्रम हेल्थले कुनै पनि समयमा पूर्वलिखित सूचनाबिनै यस नीतिलाई हेरफेर गर्ने, संशोधन गर्ने, परिमार्जन गर्ने वा हटाउने अधिकार सुरक्षित राखेको छ। यस नीतिका कुनै पनि संशोधनहरू स्पेक्ट्रम हेल्थ प्रणालीका अध्यक्ष र प्रमुख कार्यकारी अधिकारी र उसको/उनको प्रतिनिधिलाई सुम्पिइनेछ। यस नीतिमा भएका कुनै पनि संलग्न र सहयोगी प्रलेखहरूमा गरिने कुनै पनि संशोधनहरू, जस्तै आर्थिक सहयोग आवेदन, सरल भाषा सारांश, आदिलाई रजिस्ट्रेसन तथा आर्थिक परामर्श वरिष्ठ निर्देशकलाई सुम्पिइएको छ।

**8. हटाउने वा पुनर्स्थापित गर्ने नीतिहरू**: यस नीतिले लागू भएको मितिदेखि प्रभावकारी हुन गरी निम्नलिखित नीतिहरूलाई हटाउँछ र पुनर्स्थापित गर्छः स्पेक्ट्रम हेल्थ अस्पताल समूह आर्थिक सहयोग योग्यता नीति नं. एसएच-एडमिन-एफआइएन-००१ र लेकल्यान्ड हेल्थ आर्थिक सहयोग नीति कर्प नं. १७६

**9. सन्दर्भहरू**

रेकर्ड व्यवस्थापन, कायम र विनाश नीति, बिलिङ तथा सङ्कलन नीति

## 10. नीति विकास तथा स्वीकृति

**प्रलेख (दस्तावेज) स्वामी:**
काइली हाफेलि (विशेष, परियोजना सहयोगी)

**लेखक(हरू)** (भूतपूर्व रचयिता):
कोर्टनी गुरन्जी (वरिष्ट निर्देशक, बिरामी आर्थिक सेवा), अलिसा कन्ट्रेरस (व्यवस्थापक, बिरामी पहुँच सेवा), केली अल्सन (विश्लेषक, रेभेन्यु चक्र), स्यारा क्लार्क (वरिष्ठ निर्देशक, रेजिस्ट तथा आर्थिक परामर्शदाता)

**समीक्षक(हरू):**
**समीक्षकहरूको पूर्णसूचीका लागि प्रलेख स्वामीसँग सम्पर्क गर्नुहोस्**
एलेहान्ड्रो क्विरोगा चन्द (सुपरिवेक्षक, जनसङ्ख्या स्वास्थ्य), एमी आसनमाकर (सुपरिवेक्षक, वित्त- रेभेन्यु चक्र), एन्जेला रेवा (निर्देशक, अनुपालन अधिकारी), ब्रायन ब्रासर (सुपरिवेक्षक, प्रमुख सञ्चालन अधिकारी – ग्र्यान्ड र्‍यापिड्स), सिलेस्ट म्याकिनटायर (सुपरिवेक्षक, कर्पोरेट नियन्त्रक), डेरल एलमाउची (अध्यक्ष, दक्षिण पश्चिम मिसिगन), डभिना डेभिड्सन (निर्देशक, पास रजिस्ट्रेसन – डेल सिस), एरिन इनमन (उपाध्यक्ष, प्राथमिक स्वास्थ्य र क्षेत्र विशे.), हेदर लालो (नियन्त्रक), हली बुसिक(निर्देशक बिरामी पहुँच तथा उपयोगिता व्यवस्थापन), लेस्लि फ्लेक (सुपरिवेक्षक, वित्त – एसएचडब्लुएम), मरिया कमिनस (भिपि, बिरामी पहुँच सेवा), म्याथ्यु कक्स (सुपरिवेक्षक, प्रमुख वित्तीय अधिकारी), पल कोनोपाकी (भिपि, वित्त एलकेडि), स्कट हेस्सलिङ्क (व्यवस्थापक, कर्पोरेट कर), स्टेफानी डन्कार (वरिष्ठ परामर्शदाता), सुजेट्ट हर्सम्यान (सुपरिवेक्षक, एसएचडब्लुएम मेडिकल समूह ओपिएस), टिरिसा ट्राइबर (व्यवस्थापक, वित्त)

**अनुमोदनकर्ता:**
निर्देशकहरूको बोर्ड स्पेक्ट्रम हेल्थ सिस्टम, कोनी सिमस्याक (कार्यकारी विशेषज्ञ, एसएलटि)

## 11. प्रमुख शब्दहरू

सहयोग (assitance), गरिबी (proverty), योग्यता (eligibility), परोपकार (charity), समाधान (resolutions) हरू, पेसागत शिस्टाचार(professional courtesy), परोपकार स्याहार (charity care), निःशुल्क स्याहार (free care), एफएपि (fap)

# स्पेक टमर् हेल्थ आर्थिक सहयोग योग्यता नीति – संलग्नक

स्पेक टमर् हेल्थको आर्थिक सहयोग योग्यता नीति ("नीति") ले स्पेक टमर् हेल्थका संस्थाहरू (नीतिमा सूचीकृत) तथा यी संस्थाहरूले खटाएका सम्पूर्ण प्रदायकहरूलाई समेट्छ।

स्पेक टमर् हेल्थ लेकल्यान्डका विषयमा, यस नीतिले निम्न संस्थाहरूलाई समेट्छ: नाइल्स तथा सेन्ट जोसेफमा लेकल्यान्ड अस्पताल, आइएनसि, लेकल्यान्ड सामुदायिक अस्पताल, वाटरभ्लिएट (संयुक्त रूपमा लेकल्यान्ड स्वास्थ्य अस्पतालहरू) पाइन रिज: नर्सिङ तथा पुनर्स्थापनार् केन्द्र, बहिरङ्ग सेवा केन्द्र, प प लेक मेडिकल केन्द्र एक्स रे, लेकल्यान्ड बहिरङ्ग पुनर्स्थापनार् सेवा, लेकल्यान्ड कार्डियोलोजी, लेकल्यान्ड गृह-स्याहार, गृह इन्फ्युजन सेवा, आइएनसि., लेकल्यान्ड मुटु तथा भास्कुलर र लेकल्यान्ड कार्डियोथोरासिक। यस नीतिले समेटेकामध्ये लेकल्यान्ड अस्पताल वाटरभ्लिएटको स्वामीत्वमा भएका फिजिसियन क्लिनिकहरू पनि छन्: कोलोमा मेडिकल केन्द्र, स्टाग मेडिकल केन्द्र, सामुदायिक मेडिकल केन्द्र वाटरभ्लिएट, समुदाय बोन एन्ड जोइन्ट, साथसाथै दक्षिण-पश्चिमी मेडिकल क्लिनिक फिजिसियनहरू, आइएनसि., नाइल्स तथा लेकल्यान्ड मेडिकल सेवास्थल - हिस्पटलिस्टहरू

माथि सूचीकृतमा अपवादस्वरूप, यो नीति स्पेक टमर् हेल्थ वा यसका सहयोगी संस्थाहरूद्वारा नखटाइएका कुनै पनि स्वतन्त्र प्रदायकहरूले पदार्न गरेका सेवाहरूमा लागू हुँदैन, यसमा स्पेक्टमर् हेल्थ लेकल्यान्ड, वा कुनै पनि स्पेक टमर् हेल्थ लेकल्यान्ड प्रदायकहरू सामेल छन् जुन त्यस्ता प्रदायकहरूलाई लिजमा दिइएका छन्। यस अतिरिक्त, यो नीति केयरिङ सर्कल, दक्षिण-पश्चिम मेडिकल क्लिनिक फिजिसियन्स आइएनसि नाम गरेका लेकल्यान्ड हेल्थ सम्बद्ध फिजिसियन क्लिनिकहरू (नाइल्स स्थानको अपवाद सहित) वा लेकल्यान्ड मेडिकल सेवा (हिस्पटलिस्टहरूको अपवाद सहित) मा लागू हुँदैन।

माथिको अनुच्छेदमा सूचीकृतमा थप, निम्नलिखित पदार्यकहरू यस नीतिद्वारा समेटिएका छैनन् :

**संलग्न संशोधित 09/08/2021**

| | |
|---|---|
| ABC Pediatrics | Allergy & Asthma Care of Western Michigan |
| Advanced Cardiac and Vascular Amputation Prevention Centers PLC | Allergy Associates of Western Michigan |
| Advanced Center for Orthopedics and Plastic Surgery | Allergy/Asthma Specialists W MI |
| Advanced Eyecare Professionals | Alpine Family Podiatry PC |
| Advanced Foot & Ankle Associates | Anesthesia Associates of West Michigan |
| Advanced OB/GYN | Anesthesia Staffing Consultants |
| Advanced Plastic Surgery | Aris Eye Care PC |
| Advanced Radiology Services | Arthritis Physicians LLC |
| Age Management of West Michigan | Ascension St Mary's |
| Agerson Kirk MD PC | Associated Retinal Consultants |
| Alger Pediatrics | Ausiello Domenico MD |
| Allendale Family Practice | Bengtson Center for Aesthetics & Plastic Surgery |
| | Big Rapids Foot and Ankle PC |

| | |
|---|---|
| Blue Care Network | Center for Vein Restoration |
| Born Preventative Health Care Clinic PC | Centre for Plastic Surgery |
| Breton Village Pediatrics & Family Medicine | Charlevoix Surgeons |
| Bright Future Pediatrics | Cherry Street Health Services |
| Bright Start Pediatrics | Chowdhury & Ali |
| Bronson Women's Services | Christian Healthcare Centers |
| Brookville Pediatric & Internal Medicine | Compass Health |
| Burdo Thomas J DDS PC | Condit Hand Clinic |
| Burton Dental Associates PC | Creekside Vision and Hearing |
| Buzzitta James V MD | Crew & Boss Eye Associates |
| Byron Center Family Medicine | Crittenden David B MD |
| Cadillac ENT & Facial Plastic Surgery | David Barney Family Medicine |
| Calvin College Health Services | Derm Institute of West Michigan PLC |
| Campbell John N MD PC | Dermatology Assoc of West MI PLC |
| Cancer & Hematology Centers of Western Michigan | Dermatology Associates of West Michigan PC |
| Capital Cardiology | Dermatology at MidTowne PC |
| Cascade Oral Surgery | Digestive Diseases Specialists PC |
| Cascade Pediatrics LLP | Direct Primary Care |
| Center For Adolescent And Child Neurology | Ear Nose & Throat Center |
| Center for Advanced Interventional Spine Treatment | East Paris Internal Medicine Associates PC |
| Center for Aesthetics and Plastic Surgery | Elite Spine & Musculoskeletal Center |
| Center for Oral Surgery & Dental Implants | Ellinger Douglas M MD |
| | Emergency Care Specialists PC |

| |
|---|
| Exalta Health |
| Eye Center of Grand Rapids PLC |
| Eye Plastic & Facial Cosmetic Surgery |
| Eyes to See Pediatric Ophthalmology & Adult Strabismus |
| Faith Hospice |
| Family Care Medicine |
| Family Health Care |
| Family Medical Center |
| Family Medicine Specialists |
| Family Tree Medical Associates |
| Folkening Mark N MD PC |
| Foot & Ankle Specialists of West Michigan |
| Forefront Dermatology |
| Forest Hills Pediatric Associates PC |
| Gaines Pediatric Dentistry |
| Garrison Stacey DDS |
| Gastroenterology Associates of West Michigan PLC |
| Gastroenterology Specialists PC |
| Georgetown Medical Center |
| Glaucoma Eye Center PC |
| Grand Haven Pathology PC |
| Grand Health Partners |

| |
|---|
| Grand Rapids Allergy PLC |
| Grand Rapids Ear Nose & Throat |
| Grand Rapids Ophthalmology |
| Grand Rapids Orthopedics |
| Grand Rapids Women's Health |
| Grand River Emergency Medical Group |
| Grand River Pediatric Dentistry |
| Grand River Rehabilitation LLC |
| Grand Valley Medical Specialists |
| Grandview Foot and Ankle |
| Grandville Foot and Ankle PC |
| Grandville Pediatric Dentistry |
| Grandville Pediatrics |
| Great Lakes Neurosurgical Associates |
| Great Lakes Neurosurgical Associates PC |
| Greater Cardiology |
| Greenville Family Foot Care PC |
| Grof Michael W DO |
| Growing Smiles Pediatric Dentistry |
| Gulish Gary DO |
| Habekovic Marko MD PLLC |
| Hamilton Pediatric Dentistry |
| Hand & Plastic Surgery Centre |

| |
|---|
| Hastings Internal and Family Medicine |
| Health Pointe Family Medicine and Internal Medicine |
| Health Pointe Pediatrics |
| HealthDrive Podiatry Group |
| Healthy Heart Cardiology |
| Healthy Smile |
| Henry Ford Hospital (Gastroenterology) |
| Henry Ford Transplant Institute |
| Hoffman Thomas M MD |
| Holland Community Health Center |
| Holland Eye Surgery & Laser Center |
| Holland Foot & Ankle Centers |
| Holland Home |
| Holland Hospital (Emergency Department) |
| Holland Hospital (Urgent Care) |
| Holland Hospital Medical Group (Ear Nose & Throat) |
| Holland MediCenter |
| Holland Pediatric Associates PLC |
| Hollen Family Medicine |
| Hope Network (Rehabilitation Services) |
| Hospice of Holland (Palliative Care) |
| Hospice of Holland Inc |

| |
|---|
| Hudsonville Dental |
| Infusion Associates |
| InPatient Consultants of Michigan |
| Internal Medicine Associates of Barry County PLC |
| Internal Medicine of West Michigan |
| Jamestown Family Clinic |
| Javery Pain Institute PC |
| Joshuatree Internal Medicine |
| Jupiter Family Medicine |
| Kalamazoo Anesthesiology PC |
| Kalamazoo Oral & Maxillofacial Surgery |
| Keil Lasik Vision Center |
| Kent Pediatrics PC |
| Kentwood Family Physicians |
| Krhovsky David M MD |
| Lakeland EAP |
| Lakeshore Allergy |
| Lakeshore Area Radiation Oncology Center |
| Lakeshore Foot and Ankle Specialist |
| Leja Carolyn Elizabeth CNM |
| Little Red Pediatric Dentistry |
| Lovell Hand and Orthopedic Center |
| Maas Paula K MD |

| |
|---|
| Manohar Prerana A MD |
| Mansky David W DPM |
| Marcotte Michael G MD PC |
| Marion Orthopaedic Associates |
| Mary Free Bed |
| Mary Free Bed Cancer & Hemtology |
| Mary Free Bed Medical Group |
| Mary Free Bed Rehabilitation |
| Mary Free Bed Rehabilitation (Spine Center) |
| Maternal Fetal Medicine Associates PC |
| Mercy Health North Muskegon Primary Care |
| Mercy Health Physician Partners |
| Mercy Health Physician Partners (Administration) |
| Mercy Health Physician Partners (Cardiovascular) |
| Mercy Health Physician Partners (Clinica Santa Maria) |
| Mercy Health Physician Partners (Concierge Medicine) |
| Mercy Health Physician Partners (Family Medicine) |
| Mercy Health Physician Partners (Internal Medicine/Pediatrics) |
| Mercy Health Physician Partners (OB/GYN) |
| Mercy Health Physician Partners (Sable Point Family Care) |

| |
|---|
| Mercy Health Physician Partners (Specialists in Hospital Medicine) |
| Mercy Health St Mary's Health Care (Critical Care) |
| Mercy Health St Mary's Health Care (Kidney Transplant) |
| Mercy Health St Mary's Health Care (Neuroscience Program) |
| Mercy Health St Mary's Health Care (Neurosciences Epilepsy) |
| Metro Health |
| Metro Health (Family Medicine) |
| Metro Health (Family Practice) |
| Metro Health (Rheumatology) |
| Metro Health Hospital (Internal Medicine) |
| Metro Heart & Vascular |
| Mi Kids Pediatrics |
| Michigan Community Blood Center |
| Michigan ENT & Allergy Specialists |
| Michigan Pain Consultants |
| Michigan Pathology Specialists PC |
| Michigan Primary Care Partners (West Michigan Pain) |
| Michigan Spine & Pain |
| Michigan State University (College of Human Medicine) |
| Michigan State University (OB/GYN) |

| |
|---|
| Michigan State University (Osteo Manipulative Medicine Clinic) |
| Michigan State University (Women and Girls with Bleeding Disorders Clinic) |
| Mid Michigan Physicians (Internal Medicine) |
| Middleville Family Practice |
| Mitten Kids Dentistry |
| Montgomery Carole L MD |
| Munson Cadillac Primary Care |
| Munson Healthcare Manistee Hospital (Emergency Department) |
| Munson Medical Center (Internal Medicine/Pediatric Hospitalists) |
| Muskegon Surgical Associates |
| Nephrology Center |
| Neubig Elizabeth L MD |
| Norman Family Dentistry |
| North Ottawa Community Health System (NOCHS) Urgent Care |
| North Ottawa Medical Group Pediatrics |
| North Ottawa Women's Health |
| Northern Michigan Vein Specialists |
| NorthStar Anesthesia |
| Northwood Foot & Ankle Center |
| NuVasive Clinical Services |
| Oakview Medical Care Facility |

| |
|---|
| O'Brien Mark MD |
| Oculoplastic Associates of West Michigan |
| O'Neill Donna MD PC |
| Oral Surgery Associates |
| Oral Surgery Associates of Lansing |
| Orandi Allergy and Asthma Center |
| Orthopaedic Associates of Michigan (OAM) |
| Orthopaedics & Sports Medicine of Cadillac |
| Partners In Dental Care |
| Partners in Family Health |
| Partners in Plastic Surgery |
| Pediatric Associates of Big Rapids |
| Pediatric Associates of Kentwood |
| Pediatric Dental Specialists of West Michigan |
| Pediatric Ophthalmology PC |
| Pediatric Partners PLC |
| Pediatric Surgeons of West Michigan PC |
| Pere Marquette Emergency Physicians |
| PhysioAge Medical Group |
| Pine Rest (Child & Adolescent) |
| Pine Rest (Mother Baby) |
| Pine Rest (Psychiatric Consult) |
| Pine Rest (West Building) |

| |
|---|
| Pine Rest Christian Mental Health Services |
| Plastic Surgery Arts of West Michigan |
| Plastic Surgery Associates PC |
| Plastic Surgery Specialists PLLC |
| Platte Valley Medical Group OBGYN |
| Port Pediatric Dentistry PC |
| Premier Primary Health |
| Prime Health of Michigan LLC |
| Psychology Associates of Grand Rapids |
| Rehabilitation & Physical Medicine Specialists PC |
| Rehabilitation Medicine Associates |
| Renal Associates of West Michigan |
| Res/Fellow Pgrm: GRMEP (GME) |
| RestHaven |
| Retina Specialists of Michigan |
| Riemer Eye Center |
| Riverwood Family Medicine PC |
| Robson Larry J MD |
| Rockford Pediatrics PC |
| Sanchez Suzette DO |
| Sandman Center for Veins |
| Seledotis Robert DO |
| Sharma Soorya K MD PC |

| |
|---|
| Shoreline Foot & Ankle Associates |
| Shoreline Nephrology |
| Shoreline Orthopaedics & Sports Medicine Clinic PLC |
| Shoreline Vision |
| Sight Eye Clinic PC |
| Smilies Pediatric Dentistry |
| Sound Physicians |
| Sound Physicians (Formerly Indigo Health Partners) |
| Southside Pediatrics |
| Specialty Eye Institute |
| St Johns Internal Medicine |
| Standale Family Physicians |
| Starr Inpatient Medical Services |
| Statt PLLC |
| Stawiski Marek A Dermatology |
| Steinhardt George F MD |
| Stock Christopher MD Ophthalmology |
| The Brain & Spine Center |
| The Breast Health & Wellness Center PC |
| The Cancer Center at Metro Health Village |
| The Fertility Center |
| The Lacks Center at St Marys (Breast Center) |

| |
|---|
| The TeleDentists |
| Third Coast Family Practice |
| Third Coast Oral & Maxillofacial Surgery |
| Thornapple Valley Family Health |
| Three Rivers Health (Acute Care) |
| Thyroid Center of West Michigan PC |
| Trillium Palliative Services |
| True Women's Health |
| University of Michigan Vascular Surgery Center |
| Urologic Consultants PC |
| Urology Associates PC |
| Urology Surgeons PC |
| Valleau VanDeven & Massie DDS |
| VanWieren Gerald E MD PC |
| Verdier Eye Center PC |
| Versiti |
| Visger Benjamin J DO |
| Vitreo-Retinal Associates PC |
| Weatherhead James MD LLC |
| Wege Family Medicine |
| West Michigan Anesthesia PC |
| West Michigan Cardiology |
| West Michigan Dermatology |

| |
|---|
| West Michigan Endodontists |
| West Michigan ENT & Allergy |
| West Michigan Eye and Laser |
| West Michigan Family Health PC |
| West Michigan Family Medicine |
| West Michigan Foot and Ankle |
| West Michigan Nephrology |
| West Michigan Oral & Maxillo Surgery |
| West Michigan Orthopaedics |
| West Michigan Pediatric Dentistry |
| West Michigan Rheumatology |
| West Michigan Surgical Specialists |
| West Shore ENT & Allergy |
| Western Michigan ENT PC |
| Western Michigan Pediatrics PC |
| Western Michigan Urological Associates |
| White Craig DO PC |
| Wickens Marshall R DO |
| Williamson Family Medicine |
| Wolverine Dermatology |
| Yacob Nasim MD |

## संलग्न ख

## (अट्याचमेन्ट बि)

**गैरविभेदको सूचना:**

सबै मानिसहरूका लागि गुणस्तरीय स्वास्थ्य-स्याहार प्रदान गर्नु स्पेक्ट्रम हेल्थ र यसका सम्पूर्ण सहयोगी संस्थाहरूको नीति हो। भर्ना र उपचार निर्णयहरू बिरामीको आवश्यकता तथा आवश्यक मेडिकल स्याहार र उपचार प्रदान गर्ने सुविधाको सामर्थ्य र क्षमतामा मात्र भर पर्नेछ। नश्लियता, रङ, लिङ्ग, यौन, जात, उत्पत्ति राष्ट्र, धर्म, असक्तता, उमेर, एचआइभि स्थिति, भेटेरन वा सैनिक दर्जा, सेवाहरूका लागि भुक्तानीको स्रोत संघीय, राज्य वा स्थानीय कानुनले निषेध गरेको अन्य कुनै आधारमा भर्ना र उपचार निषेध गरिनेछैन। बिरामीहरूलाई उनीहरूको लैङ्गिक पहिचानसँग मिल्दो तरिकाले उपचार (व्यवहार) गरिनेछ। एनएचएससि-स्वीकृत स्थानहरूले कुनै पनि व्यक्तिलाई निम्न आधारमा सेवाहरूको प्रावधानका लागि विभेद नगर्न सहमत हुनु पर्नेछ: व्यक्तिको भुक्तानी गर्ने क्षमता; चाहे ती सेवाहरूका लागि भुक्तानी मेडिकेयर, मेडिकेड वा सिएचआइपिअन्तर्गत होस् / नहोस्; व्यक्तिको जात, रङ, लिङ्ग, उत्पत्ति राष्ट्र, असक्तता, धर्म, उमेर, यौनिक झुकाव, वा लैङ्गिक पहिचान।
अन्य विवरणका लागि बिरामी अधिकार र जिम्मेवारीहरू नीति हेर्नुहोस्।

स्पेक्ट्रम हेल्थले:

- असक्तता भएका मानिसहरूलाई हामीसँग प्रभावकारी रूपमा सञ्चार गर्न निःशुल्क सहयोग र सेवाहरू प्रदान गर्छ जस्तै:
  - योग्य साङ्केतिक भाषा दोभाषेहरू
  - अन्य ढाँचामा लिखित जानकारी (ठूलो छापा, अडियो, पहुँचयोग्य इलेक्ट्रोनिक ढाँचा, अन्य ढाँचाहरू)
- प्राथमिक भाषा अङ्ग्रेजी नभएका मानिसहरूलाई निःशुल्क भाषा सेवा प्रदान गर्छ, जस्तै
  - योग्य दोभाषे
  - अन्य भाषाहरूमा लेखिएको जानकारी

यदि तपाईंलाई यी सेवाहरू चाहिन्छन् भने, निम्नमा स्पेक्ट्रम हेल्थ भाषा सेवालाई सम्पर्क गर्नुहोस्।
६१६.२६७.९७०१ वा १.८४४.३५९.१६०७ (टिटिवाइ:७११)

यदि तपाईंलाई स्पेक्ट्रम हेल्थ यी सेवाहरू प्रदान गर्नमा असफल छ भन्ने लाग्छ भने वा जात, रङ, उत्पत्ति राष्ट्र, उमेर, असक्तता, वा लिङ्गका आधारमा विभेद गरेको छ भन्ने लाग्छ भने, तपाईंले निम्नलाई गुनासो फाइल गर्न सक्नुहुन्छ:

निर्देशक, प्यासेन्ट
एक्सपिरियन्स, 100 Michigan
St NE, MC 006 Grand
Rapids, MI 49503
६१६.३०१.२६२४; टोल फ्रि: १-८५५-६१३-२२६२
patient.relations@spectrumhealth.org

यस प्रलेखको प्रिन्टआउट म्याद सकिएको हुनसक्छ र त्यसलाई अनियन्त्रित मानिनु पर्नेछ।

तपाईँ गुनासो व्यक्ति गएर, वा हुलाक, फ्याक्स वा इमेलद्वारा फाइल गर्न सक्नुहुन्छ। यदि तपाईँलाई गुनासो फाइल गर्नका लागि मद्दत चाहिए, प्यासेन्ट एक्सपिरियन्स (स्वास्थ्यसेवाग्राहीका अनुभव) का निर्देशक तपाईँलाई मद्दत गर्न उपलब्ध छन्।

तपाईँले नागरिक अधिकार गुनासो स्वास्थ्य र मानव सेवाको अमेरिकी विभाग, नागरिक अधिकार कार्यालयमा, https://ocrportal.hhs.gov/ocr/portal/lobby.jsf मा उपलब्ध नागरिक अधिकार गुनासो पोर्टलमार्फत इलेक्ट्रोनिक रूपमा वा हुलाकद्वारा वा फोनद्वारा निम्न ठेगानामा फाइल गर्न सक्नुहुन्छ:

> स्वास्थ्य र मानव सेवाको अमेरिकी विभाग
> 200 Independence Avenue SW, Room 509F, HHH Building
> Washington, DC 20201
> १-८००-३६८-१०१९, ८००-५३७-७६९७ (टिडिडि)

गुनासो फारामहरू http://www.hhs.gov/ocr/office/file/index.html मा उपलब्ध छन्।

**Contact Us**
Español (*Spanish*)
ATENCIÓN: Si usted habla español, tiene a su disposición servicios gratuitos de asistencia lingüística. Llame al 1-844-359-1607 (TTY: 711).

العربية (*Arabic*)
ملحوظة: إذا كنت تتحدث اذكر اللغة، فإن خدمات المساعدة اللغوية تتوافر لك بالمجان. اتصل برقم 1-844-359-1607. (رقم هاتف الصم والبكم: 711).

中文 (*Chinese*): 國語/普通話 (*Mandarin*), 粵語 (*Cantonese*)
請注意：如果您講中文， 你可以獲得免費的語言輔助服務。請撥打1-844-359-1607（TTY 手語翻譯：711）。

Tiếng Việt (*Vietnamese*)
CHÚ Ý: Nếu bạn nói Tiếng Việt, có các dịch vụ hỗ trợ ngôn ngữ miễn phí dành cho bạn. Gọi số 1-844-359-1607 (TTY: 711).

Ako govorite srpsko *(Serbian, Croatian or Bosnian)*
OBAVJEŠTENJE: Ako govorite srpsko-hrvatski, usluge jezičke pomoći dostupne su vam besplatno. Nazovite 1-844-359-1607 (TTY: 711). (TTY- Telefon za osobe sa oštećenim govorom ili sluhom: 711).

*አማርኛ (Amharic)*
*ማስታወሻ: የሚናገሩት ቋንቋ አማርኛ ከሆነ የትርጉም እርዳታ ድርጅቶች፣ በነጻ ሊያግዝዎት ተዘጋጀተዋል፡ ወደ ሚከተለው ቁጥር ይደውሉ* 1-844-359-1607. (*መስማት ለተሳናቸው*: (TTY: 711).

नेपाली (*Nepali*)

ध्यान दिनुहोस्: तपाईंले नेपाली बोल्नुहुन्छ भने तपाईंको निम्ति भाषा सहायता सेवाहरू निःशुल्क रूपमा उपलब्ध छ । फोन गर्नुहोस्
1-844-359-1607 (टिटिवाइ: (TTY: 711).

Thuɔŋjaŋ (*Nilotic – Dinka*)
PIŊ KENE: Na ye jam në Thuɔŋjaŋ, ke kuɔny yenë kɔc waar thook atö̱ kuka lëu yök abac ke cï̱n wënh cuatë piny. Yuɔpë 1-844-359-1607 (TTY: 711).

Kiswahili (*Swahili*)
KUMBUKA: Ikiwa unazungumza Kiswahili, unaweza kupata, huduma za lugha, bila malipo. Piga simu 1-844-359-1607 (TTY: 711).

**فارسی (Farsi)**
توجه: اگر به زبان فارسی گفتگو می کنید، تسهیلات زبانی بصورت رایگان برای شما فراهم می باشد. با (TTY: 711) 1.844-359-1607 تماس بگیرید.

**Français (*French*)**
ATTENTION: Si vous parlez français, des services d'aide linguistique-vous sont proposés gratuitement. Appelez le 1.844-359-1607 (TTY: 711).

**(Burmese)**
အသိပေးခြင်း

သင်ပြောသော ဘာသာစကားကို အခမဲ့ ဘာသာပြန်
ရှိပါသည်။ ဖုန်းခေါ်ရန်

فارسی دری (***Dari***)
توجه اگر به زبان دری صحبت می کنید، خدمات کمک زبانی بصورت رایگان برای شما در دسترس است. تماس با 1-844-359-1607 (TTY: 711).

Kreyòl Ayisyen (*Haitian Creole*)
ATANSYON: Si ou pale Kreyòl Ayisyen, gen èd nan lang ki disponib gratis pou ou. Rele nimewo 1-844-359-1607 (TTY: 711).

**Ikinyarwanda (*Kinyarwanda*)**
ICYITONDERWA: Niba uvuga ikinyarwanda, serivisi z'ubufasha ku byerekeye ururimi, urazihabwa, ku buntu. Hamagara 1-844-359-1607 (ABAFITE UBUMUGA BW'AMATWI BIFASHISHA ICYUMA CYANDIKA -TTY: 711).

Soomaali (***Somali***)
DIGTOONI: Haddii aad hadasho Soomaali, adeegyada caawimada luqadda, oo bilaasha, ayaad heli kartaa. Wac 1.844-359-1607 (TTY: 711).

**Sudanese**اللهجة السودانية (
انتباه: إذا كنت تتحدّث اللهجة السودانية، خدمات المساعدة بلغتك متاحة مجاناً. اتصل على الأرقام 1-844-359-1607 (رقم الصم والبكم: 711).

தமிழ் (***Tamil***)

यस प्रलेखको प्रिन्टआउट म्याद सकिएको हुनसक्छ र त्यसलाई अनियन्त्रित मानिनु पर्नेछ।

கவனம்: நீங்கள் தமிழ் பேசினால், உங்களுக்கு இலவசமான மொழி உதவிச் சேவைகள் கிடைக்கின்றன1 :இந்த எண்ணை அழைக்கவும்.-) 1607-359-844TTY: .(711

ትግርኛ (***Tigrinya***)
ትኹረት: ትግርኛ እንድሕር ትዛረብ ኮንካ፣ ናይ ቋንቋ ደገፍ ኣልግሎታት፣ ብናጻ ክቐርቡልካ እዮም። ደውል 1.844-359-1607 (TTY: 711)።